# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा विभिन्न कार्यक्रमहरुलाई सम्बोधन

#### लमजुङ्ग उद्योग वाणिज्य संघको कार्यक्रम

गभर्नर डा. चिरंजीबि नेपालले चैत १७ गते लमजुङ जिल्लाको बेशीशहरमा लमजुङ उद्योग वाणिज्य संघद्वारा आयोजित **"संघीय संरचनामा व्यवसाय प्रवर्द्धन, वित्तीय लगानी र वित्तीय संस्थाको भूमिका"** विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




उक्त कार्यक्रममा गभर्नर डा. नेपालले प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै मुलुकको विकासका लागि नागरिकहरूमा सकारात्मक सोच आवश्यक रहेको बताउनु भयो । मुलुकमा उत्पादन क्षमता नबढेकोले आयात बढ्दो छ । आयातको बढ्दो अवस्थाले मुलुकभित्र आयात प्रतिस्थापन गर्ने खालका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूमा लगानी बढाउने पर्याप्त अवसरहरू रहेको र आयात प्रतिस्थापन गर्न सहयोग पुऱ्याउने खालका उद्योग व्यवसाय सञ्चालन गरी उत्पादन एवम् रोजगारी सिर्जना गर्न यस क्षेत्रका उद्योगी, व्यवसायी र जनताले प्रयास गर्नु पर्ने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरूको पहुँच ग्रामीण क्षेत्रमा पुग्नु पर्ने बताउनु हुँदै नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत ल्याइएको कृषि कर्जामा प्रदान गरिएका विभिन्न सुविधा र पुनरकर्जा लगायतका सुविधा पनि पर्याप्त मात्रामा उपयोग भएका छैनन् । कृषिजन्य वस्तुहरू उत्पादनमा प्रचुर मात्रामा संभावना हुँदा हुँदै पनि हामीले कृषिको आधुनिकीकरण, उच्च प्रविधि र प्राविधिक पक्षको विकास गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेकोले सरकारले कृषि क्षेत्रमा आउँदा दिनमा बढी ध्यान दिनु पर्ने कुरा राख्नु भयो ।

उत्पादनमूलक व्यवसायमा प्राथमिकताकासाथ लगानी गरी देशको आर्थिक अवस्थालाई उकास्न पहलीकदम चाल्नु पर्ने कुरामा जोड दिनु भयो । नेपालमा लगानीको लागि प्रचूर मात्रामा संभावना रहेकोले त्यस्ता अवसरहरुको सदुपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।

मुलुकमा प्रादेशिक र स्थानीयस्तरको सरकार निर्माण भइसकेको सन्दर्भमा हरेक व्यावसायिक क्रियाकलापमा स्थानीय जनता नै सक्रिय भएर उद्यमशीलताको विकास लागि अग्रसर भएमा देश र स्थानीय क्षेत्रको विकास हुने कुरा बताउनु भयो ।

उक्त कार्यक्रममा सभासद्हरु, नगरपालिकाका प्रमुखहरु, समाजसेवीहरु, बुद्धिजीबि, औद्योगिक व्यवसायी, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, पर्यटन व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु र नेपाल राष्ट्र बैंकका पदाधिकारीको सहभागिता रहेको थियो ।

#### सिभिल बैंक लिमिटेडको बेशीशहर शाखा उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले चैत १७ गते लमजुङ जिल्लाको बेशीशहरमा सिभिल बैंक लिमिटेडको बेशीशहर शाखाको उद्घाटन गर्नु भयो ।



उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले गाउँ घरको दैलोमा बैंक तथा वित्तीय संस्था आउनु भनेको आर्थिक क्रियाकलापमा वित्तीय स्रोतको आपूर्तिको वृद्धि हुनु हो भन्नु भयो । बैंकको उपस्थितिले

अवसर नै अवसर ल्याउने भएको हुनाले त्यस्ता अवसरहरूको सदुपयोग हरेक व्यक्तिले गर्नु पर्ने बताउनु भयो । अझै पनि मुलुकको कुल जनसंख्याको करिब ४० प्रतिशत जनताको मात्र बैंकिङ्ग सेवामा पहुँच पुगेको अवस्थामा बैंकको शाखा विस्तारबाट बैंकिङ्ग पहुँचमा वृद्धि ल्याउन सहयोग पुग्न जाने कुरा बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिले अनुत्पादक क्षेत्रमा लगानी गर्ने परम्परालाई निरुत्साहित गरी उत्पादनशील क्षेत्रमा कर्जा बढाउन र ग्रामीण क्षेत्रमा उपलव्ध उत्पादनको अवसरलाई प्रोत्साहन गर्न सहयोग पुऱ्याउने बताउनु भयो ।

ऋण लिई विदेश जानुभन्दा स्वदेशमा नै उद्यमशीलता विकासका लागि लगानी बढाउँदै उत्पादनशील क्षेत्रमा लगानी बढाउन जरूरी भएको बताउनु भयो । यस क्षेत्रमा कृषि, पर्यटन, ऊर्जा, घरेलु तथा साना उद्योग लगायतको राम्रो संभाव्यता हुँदा हुँदै यस्ता क्षेत्रको विकास नहुनु दुःख लाग्दो विषय भएकोले बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा प्राप्त हुने कर्जा मार्फत आउँदा दिनमा यस क्षेत्रको आर्थिक उन्नति संभव रहेको बिचार व्यक्त गर्नु भयो ।

सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्दै बैंक तथा वित्तीय संस्थालाई अनुशासित, मितव्ययी बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारी सबैले संस्थागत सुशासनतर्फ  विशेष ध्यान दिन पनि आग्रह गर्नु भयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन पनि सल्लाह दिनुभयो । उत्पादनमूलक व्यवसायमा प्राथमिकताकासाथ लगानी गरी देशको आर्थिक अवस्थालाई उकास्न पहलीकदम चाल्नु पर्ने कुरामा जोड दिनु भयो । नेपालमा लगानीको लागि प्रचूर मात्रामा संभावना रहेकोले अवसरहरुको सदुपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तिहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।

२०७४ चैत १८, आइतबार

गभर्नरको कार्यालय